अर्नमा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## अर्नमा, सिरहा

प्रदेश नं. २, नेपाल

कृषि विकास शाखा

---

प.सं. :- २०७७/०७८ मिति :- २०७७/०७/२३ गते

च.नं. :- ४६२

सूचना ! सूचना !! सूचना !!!

**प्रथम पटक प्रकाशित मिति : २०७७।०७।२३ गते**

**विषय :- कृषि सहकारी सिफारिस सम्वन्धमा ।**

उपर्यूक्त सम्वन्धमा कृषि सामग्री कम्पनी लिमिटेड , शाखा कार्यालय लहानको च.नं. ७० , मिति २०७७।०६।२६ गते तथा जिल्ला समन्वय समितिको कार्यालय , सिरहाको च.नं. ८२ मिति २०७७।०६।३० गतेको पत्रानुसार मन्त्रिपरिषद्को मिति २०७७ भाद्र महिनामा पारित " अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका , २०७७ " सिरहा जिल्लामा अनुदानको मल वितरण गर्दै आएको सहकारी डिलरहरु स्वत: खारेज भई स्थानीय समितिको सिफारिसमा नयाँ डिलरसिप कायम गरि कार्य संचालन गर्नु पर्ने तथा चाडैं नै गँहु , तोरी , मसुरो खेती सुरु हुने हुदाँ स्थानीय समितिले जतिसक्दो छिटो डिलरसिपका लागि कृषि सहकारी संस्थाहरुलाई सिफारिस नगरेमा कृषकहरुमा असुविधा पर्न जाने हुदाँ अनुदानको मल वितरण निर्देशिका २०७७ ले निर्धारण गरेका व्यवस्थामा रही डिलरसिपको सिफारिसका लागि ईच्छुक कषि सहकारी संस्थाहरुले तपसिलका कागजात सहित यस कार्यालयको कृषि विकास शाखामा मिति २०७७०८।०७ गते भित्र कार्यालय समयमा दरखास्त पेश गर्नु हुन सम्वन्धित सवै कृषि सहकारी संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

१. सहकारी संस्थाको प्रमाण पत्रको प्रतिलिपी थान १
२. वार्षिक साधारण सभाको प्रतिलिपी थान १
३. कम्तिमा दुई आर्थिक वर्षको कार्याय पुरा गरेको प्रमाण-पत्रको प्रतिलिपी थान १
४. कृषि सहकारी संस्थाको निर्णयको प्रतिलिपी थान १
५. कम्तीमा २ वर्षको लेखा परिक्षण परिक्षण प्रतिवेदनको प्रतिलिपी थान १
६. स्थायी लेखा नं. को प्रतिलिपी थान १
७. वडा कार्यालयको सिफारिस
७. गोदाम रहेको जग्गाधनीको लाल पूर्जा / सम्झौता - पत्र थान १
८. गत वर्ष मलखाध विक्री वितरण गरेको पुस्टाई कागजातको प्रतिलिपी थान १
९. डिजिटल तराजु वा ढक तराजु भएको प्रमाण थान १
१०. संस्थाको साइनवोर्ड प्रतिलिपी थान १
११. कम्प्युटर वा ल्यापटप भएको संस्थाको सिफारिस थान १
१२. संस्थाले कर्मचारी राखेको निर्णय प्रतिलीपी थान १

२०७७/०७/२३

कृष्णानिन्द सिंह
प्रमुख प्रशासकीय अधिकृत

Email– ito.arnamamun@gmail.com